# आठबीस नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : २ संख्या : ५ मिति : २०७५/०६/१८

**भाग-२**

## आठबीस नगरपालिका

## डोजर तथा लोडर/Excavator& Backhoe Loader सञ्चालन सम्वन्धी निर्देशिका-२०७५

आठबीस नगरपालिका दैलेख जिल्लाको पश्चिमी क्षेत्रमा अवस्थित एक नगरपालिका हो । यो नगरपालिका साविकका ६ वटा गाविसहरु साताला, सिगौडी, राकम कर्णाली, पिपलकोट, सिंहासैन र तिलेपाटा एक आपसमा गाभेर ९ वटा वडामा विभाजन गरी यो आठबीस नगरपालिकाको संरचना तयार गरिएको हो । कुल १६८ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको यो नगरपालिका दैलेखका ११ वटा स्थानीयतहहरु मध्ये क्षेत्रफल र जनसंख्याका हिसाबले दोस्रो ठूलो स्थानीय तह हो । यो नगरपालिकाका प्रायःजसो भूभागहरु बिकट र बस्तीहरु छरिएर रहेको छ । एउटा गाउँदेखि अर्को गाउँसम्म पुग्न घण्टौं हिड्नु पर्ने ठाउँहरु पनि छन् । छरिएर रहेको बस्तीका कारण सुचनाको अभाव, शिक्षा, स्वास्थ्यका क्षेत्रमा पहुँचको कम आर्थिक उपार्जनमा कठिनाइ उत्पन्न भएको छ । बिकट र छरिएको बस्तीलाई जोड्ने माध्याम मोटरबाटो हो । यसलाई मध्यनजर गरेर नगरपालिकाले AX130 नं. को Backhoe Loader, लु.अ.अ.6880 नं.को टिप्पर खरिद गरेको छ । उक्त डोजर, लोडर तथा टिप्पर सञ्चालन तथा व्यवस्थापनका लागि यो निर्देशिका जारी गरिएको छ ।



**१. संक्षिप्त नाम र प्रारम्भः**

१.१. यस निर्देशिकाको नाम डोजर तथा लोडर सञ्चालन निर्देशिका-२०७५ रहेको छ ।

१.२.यो निर्देशिका कार्यपालिकाको बैठकले पारित भएको मितिदेखि लागू हुने छ ।

१.३. यो निर्देशिका आठबीस नगरपालिकाभित्र र पालिकाबाहिर समेत सम्झौता गरी योजनाको काममा प्रयोग गर्न सकिनेछ ।

**२ परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा-

२.१.नगरपालिका भन्नाले आठबीस नगरपालिकालाई जनाउने छ ।

२.२. डोजर तथा लोडर भन्नाले आठबीस नगरपालिका मातहतका डोजर, लोडर तथा टिप्परलाई सम्झनु पर्दछ ।

२.३. चालक र सहचालक भन्नाले आठबीस नगरपालिका मातहतका डोजर, लोडर तथा टिप्पर चालक र सहचालकलाई सम्झनु पर्दछ ।

२.४. निर्माणकार्य भन्नाले आठबीस नगरपालिका क्षेत्रभित्रको भौतिक संरचना निर्माण, सडकको निर्माण, स्तरोन्तिलगायतको ढुँगा, माटो खन्ने तथा सम्याउने कार्यलाई सम्झनु पर्दछ ।

२.५.डोजर, लोडर तथा टिप्पर भाडामा नगरपालिकास्तरका आफ्नो योजनालगायत पालिका भन्दाबाहिर पनि निजी तथा सार्वजनिक काममा प्रयोग गर्न सकिने छ । सडकलगायत घरघडेरी खार्ने, सम्याउने, खेलकुद मैदान बनाउने कामका लागि पनि भाडामा दिई सञ्चालन गर्न सकिनेछ । यसरी भाडामा कोही कसैलाई डोजर तथा लोडर प्रयोग गर्न दिएबापत नगरपालिका.र मागकर्ताबीच दुई पक्षीय सम्झौता गरी सञ्चालन गरिने छ । यसरी डोजर, लोडर तथा टिप्पर सञ्चालन गर्दा प्राप्त हुने रकम डोजर, लोडर तथा टिप्परको भाडा हो र सो रकम नगरपालिकाको आन्तरिक स्रोतमा जम्मा हुनेछ भनि बुझ्नु पर्नेछ ।

२.६. डोजर, लोडर तथा टिप्पर सञ्चालन कोष भन्नाले नगरपालिकाले सञ्चालन गर्ने हरेक योजनाबाट ५ (पाँच) प्रतिशत रकम र

नगरपालिकाको आफ्नो योजना भन्दा बाहेकका योजानमाकाम गरे वापत प्राप्त हुने रकमसमेत साधनको मर्मत सम्भार तथा चालक र सहचालकको घाउ चोटपटकमा उपचार गर्न; डोजर, लोडर तथा टिप्परमर्मत गर्न र क्षमता अनुसार यस्ता सेवामुखी साधन खरिद समेतमा यो कोषको प्रयोग हुनेछ । जसलाई डोजर लोडर सञ्चालन कोष भनिने छ ।

**३. डोजर तथा लोडर सञ्चालन प्रक्रियाः**

३.१. नगरपालिकाभित्र निर्माण हुने सडकलगायतको निर्माण कार्यका लागि नगरपालिका स्वयम्ले खरिद गरी एक डोजर, लोडर र टिप्पर सञ्चालन गर्ने छ ।

३.२ भौतिक निर्माणमा प्रयोग हुने डोजर, लोडर तथा टिप्पर सञ्चालन तथा व्यवस्थापनका लागि नगरकार्यपालिका सदस्यहरु मध्येबाट प्राविधिकसहित पाँच सदस्य एक सञ्चालन समिति गठन गरिने छ । यो समितिले समस्याको प्रकृति हेरेर प्राकृतिक प्रकोप जस्तो कार्यमा आकस्मिक सेवा तत्काल उपलव्ध गराउन सक्ने छ । यस्तो सेवाका लागि नगरपालिकाको बिना स्विकृतिपछि अनुमोदन गराउने गरी प्रयोग गर्न सक्ने छ ।

३.३.डोजर, लोडर तथा टिप्परको प्रयोग गर्दा हुन सक्ने क्षतिलाई मध्यनजर गरी सो यन्त्रको मर्मत सम्भारमा र उक्त कार्यमा संलग्न चालक तथा सहचालकलाई लाग्न सक्ने घाउ चोट पटकको उपचार तथा सो यन्त्र सञ्चालनका क्रममा दिवंगतसमेत हुन सक्ने कुरासमेतलाई मध्यनजर गरी चालकको परिवारलाई उपलव्ध गराउने राहत सहयोगको लागि समेत यो कोषको प्रयोग हुने छ ।

३.४. डोजर, लोडर तथा टिप्पर आफ्नो पालिकाको कामको अलवा अरु नै व्यक्ति वा निर्माण कम्पनीलाई भाडामा दिंदा एक आपसमा सम्झौता गरेर मात्र उपलव्ध गराउनु पर्नेछ । अरुलाई भाडामा दिनुपरेमा नगरपालिकाको पूर्व स्वीकृति लिएर वा अनुमोदन गराउने गरी सञ्चालक समतिले दिन सक्ने छ। यस्तो अवस्थामा भने इन्धनको व्यवस्था स्वयम् योजना सञ्चालकले गर्नुपर्ने छ । चालकको दैनिक





भत्ता पनि योजना सञ्चालकले नै गर्नेछ ।

३.५. नगरपालिकाबाहेक अन्य व्यक्ति वा कम्पनीलाई भाडामा दिंदा बिग्रिएमा सामान्यतया पालिकाले व्यहोर्ने छ। तर, लापरबाहीका कारण बिग्रे भत्केको अवस्थामा भने योजना सञ्चालकले क्षतिको दायित्व व्यहोर्नु पर्नेछ ।

.३.६ डोजर, लोडर तथा टिप्परको भाडादर नगरकार्यपाललिकाको निर्णय गरे बमोजिम हुनेछ ।

३.७. मर्मत सम्भारको सम्पूर्ण काम सेवाकोषबाट गरिने छ ।

**४.चालकको सेवा सुबिधा सम्वन्धी व्यवस्था :**

४.१. चालकको तत्कालका लागि सेवा करारमा नियुक्ती गरिने छ र आवश्यकता आधारमा म्याद थप गर्न सकिने छ ।

४.२. डोजर, लोडर तथा टिप्पर चालकलाई मासिक तलब भत्ता नगरपालिकाले आर्थिक ऐनको सिमाभित्र रही आपसी समझदारीमा तय गरिने छ ।

४.३. नगरपालिकाको आन्तरिक कामको अलवा भाडामा दिएर काम गराउँदाको अवस्थामा पाउने दैनिक भत्ताबापतको रकम आपसी समझदारीमा तय गरी योजना सञ्चालकले उपलव्ध गराउनु पर्नेछ ।

४.४. बिशेष अवस्था उत्पन्नभै चालकले नियमित रुपम अगाडी चलाउन असमर्थ भएमा निश्चित समयका लागि अन्य चालकको व्यवस्था गर्न सकिने छ ।

४.५. डोजर, लोडर तथा टिप्पर चालकको सेवा सुबिधा समयाअनुकुल आपसी समभदारीमा परिमार्जन गर्न सकिने छ ।

**(५) डोजर, लोडर तथा टिप्परको भाडादरको व्यवस्था :**

(क) नगरपालिकाले भाडामा डोजर, लोडर तथा टिप्पर सञ्चालन गर्न दिँदा स्थानीय प्रचलित भाडादरलाई आधार बनाउने छ ।

(ख) डोजर, लोडर तथा टिप्परको व्यवसायिक प्रयोजनबाट प्राप्त हुने रकम डोजर लोडर सञ्चालन कोष यस्तो कोषको खाता सञ्चालन गर्दा नगरपालिकाले छुट्टै विशेष खाता सञ्चालन गर्ने छ ।

**६. बिमा सम्वन्धी व्यवस्था :**

६.१. डोजर, लोडर तथा टिप्पर सञ्चालनका क्रममा चालक, सहचालक

र अन्यकुनै तेस्रोव्यक्तिमा पर्न सक्ने दुर्घटनालाई मध्यनजर गरेर नगरपालिकाले बिमाको व्यवस्था गर्नेछ । सम्भावित घटनापश्चातको क्षतिपूर्ति बिमामा व्यवस्था गरे अनुसार मात्र हुने छ ।

६.२. डोजर, लोडर तथा टिप्पर चालकको बिमा गरेको कुरा चालक र उपभोगकर्तालाई जानकारी गराउनु पर्नेछ ।

**(७) बाधा अड्काउ फुकाउ :**

७.१ डोजर, लोडर तथा टिप्पर सञ्चालनका क्रममा बाधा अड्काउ उत्पन्न भएमा नगरपालिकाले डोजर तथा लोडर सञ्चालन निर्देशिका, नगरपालिकाले सञ्चालन समितिसँगको परामर्शमा आवश्यक संशोधन गर्न सक्ने छ ।

आज्ञाले,

**कुलराज सुवेदी**

प्रमुख प्रशासकीय अधिकृत